जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४१ अंक २ २०७९ साल साउन ८ गते आइतवार (24 July 2022 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा :** डेंगु ज्वरो : उपचार र बच्न ... **पृष्ठ ३ मा :** दल रूपान्तरणको ... **पृष्ठ ४ मा :** सवारीसाधनमा प्रेस लेख्ने ... **पृष्ठ ५ मा :** राजविराज भन्सार कार्यालयद्वारा ...

## जुम्ल्याहा सन्तानलाई पोषिलो आहाराको जोहो गर्न नसक्दा पीडामा खंग दम्पत्ति



**राजविराज**/राजविराज नगरपालिका १२ दमावति टोलका २७ वर्षिय पंचदेव खंग र उनकी २५ वर्षिया पत्नि पुनिता अहिले जुम्ल्याहा सन्तानलाई पोषिलो आहाराको जोहो गर्न नसक्दा पीडामा परेका छन् ।

पुनिताले गत जेठ १ गते स्थानिय युनिक सिटी अस्पतालमा जुम्ल्याहा सन्तान जन्माएकी थिइन् । शल्यक्रिया मार्फत जन्माइएको शिशुमा एक छोरा र एक छोरी छन् । यसअघि पनि उनका दुई सन्तान छन् ।

परिवारको आर्थिक अवस्था निकै कमजोर भएका खंग दम्पत्तिले सुत्केरी गराउँदा ऋण लिएर गरेको खर्च तिर्नै नसकेको बेला आर्थिक अभावका कारण अहिले नवजात शिशुलाई पोषिलो खाहारा खुवाउन धौं परेको हो ।

अर्काको खेतमा ज्याला मजदुरी गरेर परिवार पाल्दै आएका पंचदेवले अस्पतालमा सुत्केरी गराउँदा साहु महाजनसँग लिएको ८० हजार ऋण सापटी तिर्न नसक्दा अहिले नवजात शिशुलाई अब कसरी हुर्काउने भन्ने चिन्ताले सताएको बताउँछन् ।

हाल बच्चाको तौल भने घट्दै गएको पंचदेवले सुनाए । बच्चालाई स्वथ्य राख्न पोषिलो आहाराको आवश्यक्ता परे पनि आर्थिक अवस्था निकै कमजोर भएकाले सोको जोहो गर्न नसकेको उनले लाचारी व्यक्त गरे ।

यता नवजात शिशुका लागि आमाको दुध सबैभन्दा पोषिलो आहारा भएपनि दुध पुग्न नसक्दा बच्चा कुपोषणले ग्रसित हुन थालेको पुनिताले सुनाइन् ।

सम्पत्तिको नाममा उनीहरुसँग एक धुर जग्गा मात्र छन् । सोही जग्गामा फुसको झुप्रो बनाएर बस्दै आएका खंग दम्पत्तिको सात दिनको अस्पताल बसाइले अहिले आम्दानीको सबै बाटो बन्द हुँदा जिवन थप कष्टकरमय बनेको छ । पौष्टिक आहाराको अभावमा आमालाई दुध नपुगेर बच्चा कुपोषण लाग्ने चिन्ताले सहयोगको याचना गरेको उनहरुको भनाई छ ।

## सरिता गिरी पुनः नेसपा फर्किन



**काठमाडौं**/पूर्वमन्त्री एवम् निवर्तमान सांसद सरिता गिरी नेपाल सद्भावना पार्टीमा प्रवेश गरेकी छिन् ।

उनलाई शनिबार पार्टीका अध्यक्ष रामकुमार महतोलगायतले दोसल्ला र माला ओढाएर पार्टीमा स्वागत गरेका हुन् ।

रिपोर्टर्स क्लब नेपालमा आयोजित एक कार्यक्रमका बीच गिरीलाई उक्त पार्टीमा स्वागत गरिएको र आगामी दिनमा पार्टीले देशलाई नै नेतृत्वदायी भूमिका प्रदान गर्ने विश्वास लिईएको छ ।

कार्यक्रममा बोल्दै गिरीले आफूले कहिल्यैपनि नेपाल सद्भावना पार्टी परित्याग नगरेको स्मरण गराईन् ।

उनले आफूले केही राजनीतिक मुद्दामा अडान लिँदा आफूमाथि राजनीतिक आक्रमण र कारबाही पनि भएको स्मरण गराईन् ।

उनले ढिलै भएपनि नागरिकता विद्येयक आएको भन्दै खुशी व्यक्त गरिन् । तर, अहिलेपनि नागरिकताको नाममा महिलामाथि विभेद कायमै राखिएकोमा भने उनको गुनासो पोखिन् । उनले नागरिकता विद्येयकको सवालमा कम्युनिष्ट पार्टीहरुले सुरुमा चर्को विरोध गरेको पनि स्मरण गराईन् ।

कार्यक्रममा पार्टीका कार्यकारिणी सदस्य नागेन्द्रकुमार सिंह, कार्यक्रमको सभा अध्यक्ष समेत गरेका केन्द्रीय अध्यक्ष रामकुमार महतो, केन्द्रीय सदस्यहरु सुनितादेवी महतो, सत्यनारायण प्रसाद रौनियार, भरतप्रसाद साह, जयनारायण यादवलगायतले आ-आफ्नो धारणा राखेका थिए । सो क्रममा नेता गिरीलाई सदस्यता नविकरणको प्रमाणपत्र प्रदान गरिएको थियो ।

## वामपन्थी पृष्ठभूमिका पार्टीहरूबीच एकताको प्रयास भइरहेको छ : अध्यक्ष प्रचण्ड



**जनकपुरधाम**/नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पाँच दलीय गठबन्धनभित्र रहेका वामपन्थी पृष्ठभूमिका पार्टीहरूबीच एकताको प्रयास भइरहेको बताएका छन् ।

शनिबार जनकपुर विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै उनले गठबन्धनभित्र रहेको सबै वामपन्थी पृष्ठभूमि भएका समूहसँग छलफल चलिरहेको र छिट्टै सकारात्मक परिणाम आउने बताए ।

उपेन्द्र यादवले नेतृत्व गरेको पार्टी गठनबन्धनमै छँदैछ, बाबुरामजीले बनाउने अर्को पार्टी पनि गठबन्धनमै रहने उनीहरूले भन्दै आएको उनले बताए ।

गठबन्धनमा रहेका वामपन्थी पृष्ठभूमिका दलहरूबीच चुनावी मोर्चा वा पार्टी एकताका लागि संयोजन समिति पनि बन्न सक्ने उल्लेख गर्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष प्रचण्डले भने, "हाम्रो छलफल चलिरहेको छ तर अहिलेसम्म अन्तिम निर्णयमा पुग्न सकेका छैनौं । सम्भवतः केही दिनभित्र एउटा निर्णयमा हामी पुग्छौं, " उनको भनाइ थियो ।

आफूहरूकै जोडबलमा नै नागरिकता विधेयक पारित भएको र नागरिकताविहीन नेपाली नागरिकले नागरिकता पाउन लागेको जिकिर गर्दै अध्यक्ष प्रचण्डले विधेयक पारित भएसँगै नागरिकता विवाद पनि समाधान भएको बताए ।

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

### बसपार्क निर्माणमा ढिलाई कीन !

बैशाख महिनामै बसपार्क निर्माण कार्य सम्पन्न हुने भनिए पनि हालसम्म सो कार्य सम्पन्न हुन सकेको छैन् । राजविराजवासीको वर्षौदेखीको बसपार्क निर्माणको चाहना अहिले ओझ्रेलमा परेको छ । कुनै न कुनै बहानामा बसपार्क निर्माणमा ढिलाई भइरहेको छ । कहिले जग्गा विवाद त कहिले ठेकेदारको लापरवाही त कहिले डिपिआर अनुसार काम नभएको भन्दै बसपार्क निर्माणमा ढिलाई भइरहेको छ ।

बसपार्क निर्माणका क्रममा आइरहेको बाधा अड्चनलाई हटाउन नगरपालिकाले विशेष भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । तर, यस्तो भइरहेको छैन् । बसहरु नगरको विभिन्न सडकहरुमा जथाभावी रुपमा पार्किङ भइरहेका छन् । जसले कुनै बेला पनि दुर्घटना निम्त्याउनुका साथै नगरलाई अव्यस्थित गरिरहेको छ ।

तसर्थ बसपार्कलाई अब ढिलो नगरिकन निर्माण कार्य सम्पन्न गराउनतर्फ नगरपालिकाले ठोस कदम उठाउनुपर्छ । जसले गर्दा नगर व्यवस्थित हुनुका साथै जथाभावी पार्किङका कारण आउने समस्या समेत समाधान हुनेछ ।

# डेंगु ज्वरो : उपचार र बच्ने उपाय



डा राजकुमार बिक

हिजो आज कान्ति बाल अस्पतालमा सेवाग्राहीको चाप निकै बढेको छ । केही दिनएता बालबालिकामा ज्वरोको समस्या एकदमै बढेसँगै ओपिडी तथा राती अबेरसम्म पनि बच्चाहरु बोकी आमाबुवा इमरजेन्सीमा लामबद्ध भइ बसेका हुन्छन् । ज्वरो आउने धेरै कारण मध्ये डेंगु ज्वरो पनि भएको र काठमाडौं उपत्यका लगायत देशको विभिन्न भागमा दिनानु केस बढ्दै गएकाले साथै असारदेखी भदौमा बढी देखिने र जोखिम हुने भएकाले आजको यस अंक मा डेंगु रोग बारे जानकारी गराउने छौं ।

स्वास्थ्य मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले साप्ताहिक रुपमा प्रकाशन गर्ने बुलेटको तथ्यांकलाई आधार मान्ने हो भने यो एक महिनाको समयमा नेपालभरीमा करिब १४९ जना डेंगुका केस फेला परेका छन्। गएको असारको अन्तिम हप्ताको मात्रै रिपोर्ट केलाउने हो भने ५८ जना बिरामी फेला परेका छन् । जुन गत वर्ष यही समयमा मात्रै १९ जना थिए । त्यसैगरी गएको हप्तामा सबै भन्दा बढी संखुवासभा (१५ जना) र धादिङ (१२ जना) मा फेला परेका छन् । ४ जना काठमाडौं बाट फेला परेका छन् भने जुम्लामा २ जना भेटिएका छन् ।

**डेंगु ज्वरो**

डेंगु ज्वरो एडिस एजेप्टाई र एडिस एल्बोपिक्टस नामक डेंगु भाइरस संक्रमित लामखुट्टेले टोकेर हुने तीब्र भाइरल संक्रमण हो । नेपालमा प्राय गरेर प्रत्येक वर्ष जुन देखी अगस्ट महिनामा मनसुन सुरु हुन्छ र यती बेला नै धेरै केसहरु भेटिने गर्दछ ।

**लक्षण**

**फेब्राइल अवस्था**

– एक्कासी उच्च ज्वरो आउनु हो। यो ज्वरो २ देखि ७ दिनसम्म रहन सक्छ ।

– असाध्यै टाउको दुख्ने,

– आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने

– ढाड, जोर्नी तथा मांसापेसीहरू दुख्ने,

– आँखाहरु पोल्ने,

– वाकवाकी लाग्ने ,वान्ता हुने, पेट दुख्ने

– शरीरमा विमिरा आउने,

– नाक वा गिजाबाट रगत बग्ने

– बच्चाहरुमा फेब्राइल सिजर हुने,

– कलेजो सुन्निने तथा कलेजो रहने ठाउँमा पेटमा थिच्दा दुख्ने,

– रगत जचाउँदा प्लेटलेट्स र सेता रक्तकोष क्रमश: घट्दै जाने र पीसीभी बढ्दै जाने हुन्छ ।

**जटिल अवस्था**

– ज्वरो हराउने बेलामा केही बिरामीहरु झन् सिकिस्त हुने गर्छन् जसमा बिरामीहरुलाई बान्ता हुने तथा अत्याधिक पेट दुख्ने, फोक्सो तथा पेटमा पानी जम्ने, बेहोस हुन थाल्ने, कलेजो, दिमाग तथा मुटुमा समस्या र अत्याधिक रक्तस्राव हुन सक्दछ । रोगको जटिलता बढ्दै गएमा र उचित उपचार नपाएमा बिरामीको ज्यान समेत जान सक्दछ ।

**रिकभरी अवस्था**

– यदी २४-४८ घण्टाको क्रिटिकल फेज पार गरेपछि बिरामीहरुलाई सजिलो महसुस हुन्छ, खाना रुच्न थाल्छ, लक्षणहरु कम हुँदै जान्छ ।

**कस्ता व्यक्ति जोखिममा छन् त ?**

– एक वर्ष मुनिका बालबालिका

– वृद्धवृद्धा

– मोटो मानिस

– रगत बग्ने समस्या हुने व्यक्ति

– गर्भवती

**उपचार**

यो एक किसिमको भाइरल ज्वरो भएकाले खासमा कुनै औषधि उपचार छैन । खास उपचार समेत नभएको हुँदा लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगको बचावटको मुख्य उपाय हो । बिरामीको अवस्था तुरुन्तै जटिल हुन गई मृत्युह समेत हुन सक्ने भएकाले शंकास्पद बिरामी वा आफन्तले तुरुन्तै नजिकै हुने स्वास्थ्य संस्थामा गई उचित परामर्श लिनु जरुरी देखिन्छ ।

रगत बग्ने र ग्यास्ट्राइटिस गराउने जोखिम हुने भएकाले विशेष गरेर डेंगु देखिएको क्षेत्रमा ज्वरो कम गर्न सिटामोलको मात्रै प्रयोग गर्ने र अनावश्यक आईबुप्रोफेन तथा एस्पीरीनको प्रयोग नगर्ने । शरीरमा पानीको मात्रा कम हुन नदिने, झोलिलो पदार्थ प्रशस्तै खाने ।

**बच्ने उपाय**

– डेंगु ज्वरोबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुका साथै लामखुट्टेको वृद्धि रोक्ने

– सुर्योदय भएको २ घण्टा पछि र सुर्यास्त हुनु २ घण्टा अघी डेंगु गराउने लामखुट्टेले बढी टोक्ने भएकाले सो समयमा बढी सचेत रहने ।

– पानी जम्न सक्ने भाँडाहरू जस्तै गमला, फुलदान, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरू, गाडीका काम नलाग्ने टायरहरू आदिमा पानी जम्न नदिने

– लामखुट्टेलाई टोक्न नदिन बाहुला भएको वा शरीर ढाकिने लुगा लगाउने,

– सम्भव भएसम्म दिउँसो सुत्दा पनि झुल प्रयोग गर्ने,

– लामखुट्टेको टोकाइबाट बच्न लामखुट्टे भगाउने मलहम दल्ने,

– घरका झ्याल ढोकामा जाली लगाउने,

– घर वरिपरी सफा सुग्घर राख्ने, पानी जम्ने खाल्टा खुल्टी पुर्ने गर्नु पर्छ । स्वास्थ्य खबरबाट

# कुनै पनि कर्मचारीलाई निष्काशन नगर्न निजामती कर्मचारी संगठनको आग्रह

**राजविराज**/विभिन्न स्थानिय निकायहरुले अस्थायी, करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई चालु आ.ब. देखी काममा नआउन भन्ने विषयप्रति नेपाल निजामती कर्मचारी संगठन सप्तरीको गम्भिर ध्यानाकर्षण भएको छ ।

संगठनका अध्यक्ष शैलेश कुमार मिश्रद्वारा जारि विज्ञप्तिमा साउन १ गतेदेखी कामकाजमा नआउनु भनि पत्र, फोन, म्यासेज लगायतका माध्यमबाट जानकारी गराउने, हाजिरी खाता बन्द गर्ने लगायतका कामहरुप्रति गम्भिर ध्यानाकर्षण भएको जनाइएको छ ।

विज्ञप्तिमा सरकारबाट निजामति सेवामा कार्यालय सहयोगि, सवारी चालकका पदहरु स्थायी पदपूर्ती नगर्ने भनी आ.ब. २०५६/०५७ को बजेट वक्तव्य मार्फत घोषणा गरे पश्चात् स्थायी पदपूर्ती नभई करारमा लिने कार्यको थालनी भएको स्मरण गराइएको छ ।

सेवा करारमा रहेका कर्मचारीहरुको सेवा अवधी २० वर्ष भन्दा अधिक भइसकेको भन्दै अस्थायी, करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई बिना कारण सेवाबाट हटाउने कार्यले सार्वजनिक प्रशासनमा पजनी प्रथाको आभाष भएको विज्ञप्तिमा ठहर गरिएको छ । यस प्रकारका पूर्वाग्राही कामहरु तत्काल बन्द गर्न सम्बन्धीत संघ, प्रदेश र स्थानिय सरकारहरुको संगठनले ध्यानाकर्षण समेत गराएको छ ।

साथै विज्ञप्तिमा कर्मचारीहरुको सेवा, सुरक्षामा ध्यान दिनु, संघ, प्रदेश र स्थानिय तहमा लामो समयदेखी कामकाज गर्दै आएका कर्मचारीहरुलाई निष्काशन नगर्न र काममा फर्कने वातावरण सृजना गर्न सम्बन्धीत पक्षसँग जोडदार माग गर्दै पेशाकर्मीको आवाजलाई कमजोर ठानी यस्ता कार्यहरु नरोकिए संगठन मुकदर्शक भएर नबस्ने चेतावनी पनि दिइएको छ ।

# महिला स्वास्थ्यकर्मीको दुर्घटनामा मृत्यु

**राजविराज**/सप्तरीको बलान बिहुल गाउँपालिकाको स्वास्थ्य चौकीमा कार्यरत एक महिला स्वास्थ्यकर्मीको सवारी दुर्घटनामा मृत्यु भएको छ ।

मृत्यु हुनेमा जिल्लाको शम्भुनाथ नगरपालिका १० घर भएकी महिला स्वास्थ्यकर्मी ३० वर्षिया राजकुमारी साह रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

उनी उक्त गाउँपालिका वडा नं. ६ स्थित रौतहट स्वास्थ्य चौकीमा

*बाँकी पाँच पृष्ठमा*


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# दल रूपान्तरणको प्रस्थानबिन्दु



**मधु आचार्य**

नेपाली राजनीतिक नागबेलीका अघिल्ला मोड, अवसर वा आवश्यकतालाई एकछिन बिर्सिदिने हो भनेपनि कम्तिमा संविधानसभाबाट संविधान जारी गर्दा बखतका दलहरुमा आफैंले दस्तखत गरेको नयाँ संविधानका आधारभूत विशेषता, मार्गनिर्देशन र स्पिरिट अनुकुल लयबद्ध तुल्याउँदै आ-आफ्नो रूपान्तरणको अभियान यतिखेर निकै अगाडि पुगि सक्नुपर्ने थियो। दलहरूको पछिल्ला अधिवेशनका क्रममा त्यसको अभ्यास र प्रभाव देखिनुपर्थ्यो।

के बुझ्न जरुरी छ भने काँग्रेस सधैं संघर्षकालिन ढाँचामा, कम्युनिष्ट पार्टीहरू एकदलीय जनवादी ढाँचामा, राप्रपा निर्दलीयकै लयमा चलिराख्ने हो भने यिनीहरु कसैले पनि वर्तमान संविधानको "संघीय लोकतान्त्रिक गणतन्त्र" को कार्यभार बोक्न सक्दैनन्। यिनको संगठन र सोच तदनुरूप बन्नै नचाहने हो भने कि संविधान असफल हुन्छ वा यी दलहरु।

अरु दलको तुलनामा पार्टी रिफर्मको लागि काँग्रेसले सबैभन्दा पहिले आफूलाई तयार गर्नुपर्थ्यो। किनकी संविधानको मूल स्पिरिट उसैले दावी गरेअनुसार पनि उसले आफ्नो जन्मकालदेखि बोकेको आदर्श मुताविक थियो। उसले अरु दललाई डोर्याउनु पर्ने थियो।

समसामयिक राजनीतिका देशभित्र, देश बाहिर र घर भित्रको तीनवटा प्रतिनिधि घटना हेरौं-

**देश भित्रः**

भर्खरै सम्पन्न स्थानीय निर्वाचनमा नेपालको संघीय राजधानी काठमाण्डौं, सुदुर पश्चिमाञ्चल र मधेस प्रदेशको राजधानी क्रमशः धनगढी र जनकपुर तथा धरान उपमहानगरपालिका लगायतको नतिजा दलहरुप्रतिको असन्तुष्टिको रुपमा प्रकट भयो।

**देश बाहिरः**

दक्षिण एशियाली मुलुकहरुमध्ये केही वर्ष अगाडिसम्म मानव विकासको सूचकांकका हिसावले राम्रो स्थानमा रहेको श्रीलंका केही वर्षको सनकपूर्ण नेतृत्व, जनआवाजको उपेक्षा, पारिवारिक कुशासन र भ्रष्टाचारका कारण डिफल्टर मुलुक बन्यो र अहिले जनता सडकमा उत्रिएका छन्।

**घर भित्रः**

नेपाली काँग्रेसभित्र जारी केन्द्रीय समितिको बैठकमा पार्टी यथास्थिति मै चल्दा ठीक कि रुपान्तरणको बाटोमा हिड्न ढिला नगर्नु ठीक भन्ने ढंगबाट विचारहरु आए। भलै ती कति प्रस्ताव, कति सुझाव, कति घोचपेच, कति ईर्ष्या-कुण्ठा र कति चाकडीको स्वरूपमा अभिव्यक्त रहे।

रूपान्तरण कतिपयका लागि अमूर्त विषय होला या बनाउने प्रयत्न रहला। परिवर्तन हुन्न र हुन दिन्नको मानसिकताको राज चलिरहने हो भने अघिल्ला दुई घटना भोग्नबाट हामीलाई कसैले जोगाउँदैन।

रूपान्तरण गर्नुपर्ने क्षेत्र धेरै छन्। कतिपय कामहरु समानान्तर रुपमा अघि बढाउन पनि सकिन्छ। यति भन्दाभन्दै पनि घटीमा एउटा बिन्दुबाट रुपान्तरणको यात्रा शुरु गरौं। त्यो हो- पार्टी सदस्यता। खुला राजनीतिमा विश्वास गर्ने पार्टीले बन्द सदस्यता प्रणाली बोक्नु जायज होइन। काँग्रेस बन्न चाहनेले बन्न नपाउने, बन्न नचाहनेले बनिदिनु पर्ने परिपाटीले पार्टी उँभो लाग्दैन। आमजनतामा आधारित संगठन आधुनिक लोकतन्त्रको स्थायित्वका लागि अनिवार्य छ।

तत्काल अनलाइनबाट समेत सदस्यता वितरण गर्ने र स्वेच्छाले, योगदान गर्ने प्रतिवद्धताले सदस्य बनेकाहरुकै प्रत्यक्ष छनौटबाट नेता, नीति र उम्मेदवार निर्धारण गर्ने पद्धति अनुशरण आरम्भ गर्ने हो भने पार्टी मात्र रुपान्तरित हुने छैन, संघीय लोकतान्त्रिक गणतन्त्र मजबुत हुनेछ र देशले काँचुली फेर्न धेरै दशक लाग्ने छैन। आचार्य काँग्रेस नेता हुन्।

रातोपाटीबाट

# प्रदेश १ प्रहरीद्वारा ३९ करोड २१ लाख भन्दा बढी राजश्व संकलन



**बिराटनगर**/प्रदेश १ प्रहरी कार्यालय मातहतका प्रहरी कार्यालयहरुमा आर्थिक वर्ष २०७८/०७९ मा ८ हजार ५५ वटा मुद्दा दर्ता भएका छन् भने ३९ करोड २१ लाख भन्दा बढी राजश्व संकलन गरेको छ।

प्रदेश १ प्रहरी कार्यालयद्वारा सार्वजनिक गरिएको तथ्याङ्क अनुसार ट्राफिक ब्यबस्थापन तर्फ ट्राफिक नियम उलंघन गर्ने २ लाख ६९ हजार ८ सय २३ वटा सवारी साधनहरुलाई कारवाही गरी १८ करोड १ लाख ५९ हजार राजश्व संकलन भएको छ भने लागूऔषध नियन्त्रण तर्फ गाँजा २ हजार २१ किलोग्राम ९०२ ग्राम, चरेश २३ ग्राम ९१७ मिलिग्राम, ब्राउन सुगर २ किलोग्राम ४५ मिलिग्राम, बिभिन्न मनोद्धिपक क्याप्सलु ३१ हजार ९ सय ७०, मनोद्धिपक एम्पुल १० हजार २ सय ६५ र मनोद्धिपक औषधीहरु ७ सय ६९ क्याप्सुल बरामद गरिएको र ४ हजार ८ सय २१ रोपनी क्षेत्रफलमा लगाएको ८ लाख १२ हजार ५ सय १५ बोट गाँजा नष्ट गरिएको उल्लेख छ।

सोही आर्थिक बर्षमा ८ हजार ५५ वटा बिभिन्न अपराध सम्बन्धि शिर्षकमा मुद्दा दर्ता भई कानुनी कारवाही भएको, ३ हजार १ सय ७७ वटा मुद्दाहरु फर्छौंट गरिसकेको, फैसला कार्यान्वयन तर्फ बिभिन्न अपराधमा सजाय तथा जरिवाना फैसला भई फरार रहेका १ हजार ७ सय ३८ जना फरार प्रतिवादीहरुलाई पक्राउ गरी ८ करोड ७ लाख ४७ हजार ६ सय ७५ रुपैयाँ राजश्व संकलन गरिएको छ।

यसैगरी अवैध भन्सार चोरी निकासी गर्ने ७३ जना मानिसलाई पक्राउ गर्नुका साथै ११ करोड ७४ लाख ४६ हजार ९ सय २९ रुपैयाँ राजश्व संकलन गरेको छ। नदिजन्य पदार्थको अबैध रुपमा दोहन गर्ने ३७ जना मानिस र ६ सय ४५ वटा नदिजन्य पदार्थ उत्खनन गर्ने र ओसार पसार गर्ने सवारी साधनलाई पक्राउ गर्नुका साथै ३३ लाख ३१ हजार ५ सय राजश्व संकलन भएको छ।

यस्तै अबैध काठ चोरी निकासीमा संलग्न ४७ जना मानिस पक्राउ गर्नुका साथै ४ हजार ६ सय ४८ क्यू.फिट. काठ बरामद गरी १ करोड ४ लाख ३३ हजार ५ सय ३७ रुपैया राजश्व संकलन गरेको जनाइएको छ।

यसै गरी प्रहरी कार्य तर्फ उत्कृष्ट कार्य गर्ने १ हजार ८ सय ६४ जना प्रहरी कर्मचारीहरुलाई पुरस्कृत गरिएको छ भने प्रहरी आचरण बिपरित कार्य गर्ने ४ सय २८ जना प्रहरी कर्मचारीहरुलाई बिभागिय कार्वाही समेत गरिएको जनाइएको छ।

संगठन प्रमुख तथा प्रदेश प्रमुखको निर्देशनलाई पालना गर्दै १ नम्वर प्रदेश भरीमा कार्यारत सम्पूर्ण प्रहरी कार्मचारीहरुले आफ्नो पदिय दायित्व र जिम्मेवारीलाई आत्मसाथ गर्दै समाजमा हुने अपराधिक घटना, फैसला कार्यान्वयन, भन्सार चोरी निकासी, नदिजन्य पदार्थको अबैध दोहन, अबैध काठ चोरी निकासी र ट्राफिक ब्यबस्थापनमा प्रभावकारी रुपमा प्रहरी परिचाल भए अनुरुप उल्लेख्य मात्रामा सफलता हासिल भएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

# थप ३ सय ३५ जनामा संक्रमण

**राजविराज**/पछिल्लो २४ घण्टामा दुई हजार ९ सय ९६ नमूनाको परीक्षण गर्दा ३ सय ३५ जनामा संक्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शनिबार दिएको जानकारी अनुसार ८६ जना संक्रमणमुक्त भएका छन्। सक्रिय संक्रमितको संख्या दुई हजार ९ सय ७१ छ। काठमाडौँमा ५०० बढी सक्रिय संक्रमित रहेको मन्त्रालयले जनाएको छ। यस्तै मोरङ र ललितपुरमा २०० बढी सक्रिय संक्रमित छन्।

संक्रमितमध्ये दुई हजार ८ सय ३२ जना 'होमआइसोलेशन', १ सय ३९ 'संस्थागत आइसोलेशन' र २५ जना 'आइसीयूमा' उपचाररत छन्।

मनाङ, मुस्ताङ, जाजरकोट, कालिकोट, मुगु, हुम्ला, बाजुरा, डडेल्धुरामा सक्रिय संक्रमितको संख्या शून्य छ। शनिबा दुई लाख ३६ हजार ७ सय ३८ जनाले कोरोनाविरुद्धको खोप लगाएका मन्त्रालयले जनाएको छ।

# "नेपाल टि-ट्वान्टी" प्रतियोगिता हुने

**राजविराज**/नेपालकै इतिहासमा पहिलो पटक हुन लागेको "नेपाल टि-ट्वान्टी" व्यवसायीक प्रतियोगिताप्रति मधेश प्रदेशका खेलाडीहरु निकै उत्साहित भएका छन्।

मधेश प्रदेश क्रिकेट संघका सचिव आयुष श्रेष्ठले शुक्रबार एक विज्ञप्ति जारि गर्दै नेपाल क्रिकेट संघको आयोजनामा उक्त क्रिकेट प्रतियोगिता आयोजना हुने निश्चित भएको जनाइएको छ।

जारि विज्ञप्तिमा विश्वमै अहिले क्रिकेटलाई फस्टाउनका लागि फ्रेन्चाइज क्रिकेटको महत्वपूर्ण भुमिका रहेकोले भविष्यमा यस्ता प्रतियोगिताले गर्दा नेपालको क्रिकेटको समेत स्तरोन्नतीका लागि महत्वपूर्ण भुमिका निर्वाह गर्ने उल्लेख छ।

उक्त प्रतियोगिताले नेपाली क्रिकेट हालको अवस्था भन्दा अझ उकालो चढ्ने निश्चित रहेको जनाउँदै विज्ञप्तिमार्फत नेपाली क्रिकेट उकालो चढ्नुका साथै नेपाली युवाले क्रिकेटमा आफ्नो भविष्यमा देख्न लागेकोमा सबैलाई बधाई दिएका छन्।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# सवारीसाधनमा प्रेस लेख्ने बढेपछि नियन्त्रणका लागि प्रशासनसँग आग्रह



**राजविराज**/सबारीसाधनमा प्रेस लेखेर चलाउने क्रम बढेपछि नेपाल पत्रकार महासंघ सप्तरीले यसलाई नियन्त्रण गर्ने प्रशासनसँग आग्रह गरेको छ ।

अनाधिकृत रुपमा उक्त कार्य बढेपछि महासंघका अध्यक्ष श्रवण कुमार देवको नेतृत्वमा गएको एक टोलीले जिल्ला प्रशासन कार्यालय सप्तरीसँग सो आग्रह गरेको हो ।

महासंघका अध्यक्ष देव र सचिव रामनारायण विश्वासले संयुक्त रुपमा बुझाएका पत्रमा प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले नियन्त्रणको प्रयास गर्ने प्रतिबद्धता समेत जनाए ।

बुझाइएको त्रपमा पदाधिकारीले प्रेस लेखिएको सवारीसाधनको जुनसुकै व्यक्ति प्रयोग गरिरहेपनि अनिवार्य नियम बमोजिम चेकजाँच गरी सहयोग गरिदिन हुन अनुरोध गरिएको छ ।

पत्रमा लेखिएको छ 'सप्तरीमा नामै नसुनेका मिडियाहरुको परिचय पत्र बोकेर पत्रकार आचारसंहिता विपरित काम गरिरहेका छन् त्यस्ता ब्यक्तिले एकातर्फ निष्पक्ष पत्रकारिताको बदनामी गरिरहेका छन् भने सवारीसाधनमा पनि 'प्रेस' शब्द लेखेर पत्रकारिताको दुरुपयोग गरिरहेका छन् ।'

सोही पत्रमा अनुगमनको क्रममा आवश्यक परेको अवस्थामा महासंघका अध्यक्ष र सचिवसँग सम्पर्क र समन्वय गरिदिन भनिएको छ ।

पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी गौतमले यस कार्यका लागि सहयोग गर्ने बताउँदै अब प्रहरीले प्रेस लेखिएको सबारीसाधनप्रति ध्यान दिने उल्लेख गरे ।

पत्र बुझाउने क्रममा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डीएसपी माधवप्रसाद काफ्लेको पनि उपस्थिति रहेको थियो । उनले यो कार्यका लागि प्रहरी तयार रहेको बताए ।

महासंघले मोटरसाइकल वा अन्य सबारीसाधनमा प्रेस लेखेर नचलाउन पनि पत्रकार बाहेक अन्य व्यक्तिसँग आग्रह समेत गरेको छ ।

# रोम विधान अनुमोदन गर्न नेपाल सरकारसमक्ष माग



**राजविराज**/रोम विधान अनुमोदन गर्न नेपाल सरकारसमक्ष माग गरिएको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनाका अवसरमा रोम विधान पारित गरिएको दिन १७ जुलाइको स्मरणमा संसारभर मनाइने अन्तर्राष्ट्रिय न्याय दिवसले दण्डहीनताको अन्त्य गरी पीडितको न्याय सुनिश्चितताका लागि रोम विधान अनुमोदन गर्न माग गरेको हो ।

विज्ञप्तिमा भनिएको छ,- "यो दिवसमा अन्तर्राष्ट्रियस्तरमा गरिएका मानव अधिकारसम्बन्धी प्रतिबद्धता सरकारलाई स्मरण गराउन तथा मानव अधिकार र मानवता विरूद्धका गतिविधिमा संलग्नलाई कारबाही गर्ने अन्तर्राष्ट्रिय संयन्त्र अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदनका लागि वर्षैपिच्छे माग गर्दै आएका छौँ ।"

अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान सन् १९९८ को जुलाई १७ देखि सम्मेलनका लागि खुला गरिएको थियो । यो विधान संसारका १२३ राष्ट्रले अनुमोदन गरिसकेका छन् । मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाका सन्दर्भमा नेपाललाई विभिन्न राष्ट्रले तीन पटकको समीक्षामा अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनाका लागि रोम विधान अनुमोदन गर्न सुझाव दिइसकेका छन् ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्न माग गर्दै सप्तरीका एक दर्जन संघ-संस्थाहरुले ०७९ साउन १ गते प्रमुख जिल्ला अधिकारी जनार्दन गौतममार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएका छन् ।

इन्सेक सप्तरीका मनोहर पोखरेल, एकल महिला समूहकी प्रदेश अध्यक्ष अनीता देवकोटा, गैसस महासंघ सप्तरीका अध्यक्ष बलदेव मण्डल, नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देव, सामुदायिक सेवा केन्द्र सप्तरीका अध्यक्ष हितनारायण लाल दास, नागरिक समाज सप्तरीका अधयक्ष थानसिंह भन्साली, नगर स्तरीय मानव अधिकार निगरानी समूहका अध्यक्ष रघुबर साह, जेष्ठ नागरिक महासंघ, सप्तरीका सचिव बैद्यनाथ झा, सप्तरी जिल्ला बार एकाईका सचिव प्रमोद चौधरी, महिला मानव अधिकार रक्षक सञ्जाल सप्तरीकी सीता यादव र सहयोगी समाजका रामप्रकाश चौधरीले ज्ञापनपत्र बुझाएका थिए ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# नागरिकता विधेयक पारित

**काठमाडौँ**/प्रतिनिधिसभाको शुक्रबारको बैठकले नेपाल नागरिकता ऐन, २०६३ (पहिलो संशोधन), विधेयक २०७९ पारित गरेको छ ।

बैठकमा सो विधेयकबारे दफाबार छलफलमा सांसदहरूले राख्नुभएको जिज्ञासामा गृहमन्त्री बालकृष्ण खाणले जवाफ दिएपछि निर्णयार्थ प्रस्तुत गरिएको थियो ।

मन्त्री खाणले प्रस्तुत गरेका प्रस्ताव बहुमतले पारित भएको हो ।

विधेयकमा भएको प्रावधानबारे वैवाहिक अङ्गीकृत नागरिकता पाउनका लागि सात वर्ष समयसीमा तोक्ने र नेपालीसँग विवाह गर्ने विदेशी पुरुषले नागरिकता लिन चाहेमा व्यवस्था हुनुपर्ने भन्ने सम्बन्धमा प्रमुख प्रतिपक्षी नेकपा (एमाले) का सांसदहरूका तर्फबाट प्रस्तुत संशोधन प्रस्तावहरू बहुमतले अस्वीकृत भएको थियो । विधेयकमा ९४ विषयमा ४५ जना सांसदले संशोधन प्रस्ताव पेस गरेका थिए । वैवारिक अङ्गीकृत नागरिकताका लागि सात वर्ष समयसीमा तोक्नेबारेमा विगतमा प्रतिनिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा सहमति भएको थियो ।

कोभिड-१९ को जोखिम पुनः देखा परेको छ।
यसबाट बच्न र बचाउनः
- सही तरिकाले मास्क लगाऔं।
- भेटघाट र जमघटमा कम्तिमा २ मिटरको दुरी कायम राखौं।
- समय-समयमा साबुनपानीले हात धुने वा स्यानिटाइजर प्रयोग गरौं।
- खोक्दा वा हाच्छिँयू गर्दा नाक मुख छोप्ने गरौं।
- आफु बस्ने घर तथा कार्यालय लगायतको स्थानमा नियमित सेनेटाइज गरौं।
- अनावश्यक भीडभाड नगरौं।
- हावा ओहरदोहर नगर्ने स्थान र भीडभाडमा नजाऔं।
- कोभिड-१९ विरुद्ध खोप लगाउन बाँकी भए तत्काल लगाऔं।
- कोभिडको लक्षण देखिएमा अरुलाई सर्न नदिनको लागि समयमा नै परीक्षण गरौं।

समयमा नै सतर्क र सचेत बनौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

# राजविराज भन्सार कार्यालयद्वारा ६१ प्रतिशत राजश्व संकलन

**राजविराज**/राजविराज भन्सार कार्यालयले आ.ब. २०७८/७९ मा ६१ प्रतिशत राजश्व संकलन गरेको छ। यो लक्ष्य लिएको भन्दा ३९ प्रतिशत कम हो। कार्यालयले ६ करोड ८४ लाख २० हजार राजश्व संकलन गर्ने लक्ष्य लिएको थियो।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका १ बेल्हीस्थित भन्सार कार्यालयले ४ करोड १७ लाख ६४ हजार राजश्व संकलन गरेको हो।




राजविराज भन्सार कार्यालयका प्रमुख दिपेन्द्र झाले कर्मचारीको समस्या, कोरोना महामारी, खुल्ला सिमाना, बाटोको समस्या, स्थानिय तह निर्वाचन लगायतका विविध कारणले लक्ष्य अनुसारको राजश्व संकलन नभएको बताए।

जिल्लामा मुख्य भन्सार कार्यालय १ र छोटी भन्सार ७ सहित ८ वटा भन्सार कार्यालय छन्। जसमध्ये बेल्ही र पातो छोटी भन्सार कार्यालय मात्र संचालनमा छन्। उक्त दुबै छोटी भन्सारबाट पनि अपेक्षा अनुसारको राजश्व संकलन हुन नसकेको उनले बताए।

जिल्लाबाट निकासी, पैठारी, लिलामी र अस्थायी पैठारी लगायतका कारोबारबाट ०७८/७९ मा सो परिमाणको राजश्व संकलन भएको हो।

उनले आ.ब. २०७८/०७९ मा सशस्त्र प्रहरीले सर्वाधिक ५ सय ८७, नेपाल प्रहरीले ४ सय ६३ र भन्सार कर्मचारीहरुबाट १४ गरि कुल १ हजार ६४ लिलामी मुद्दा यस कार्यालयमा बुझाइएकोमा २ सय मुद्दाको लिलामी कार्य सम्पन्न भइसकेको र ४ सय ९९ मुद्दा एक दुई दिनमै लिलामीमा टुंग्याउने सम्पूर्ण तयारी र प्रक्रिया पुरा गरिएको जानकारी पनि दिए।

# जनमतद्वारा मलखादको व्यवस्था नभएको भन्दै तथा १२ बुँदे मागसहित प्रदर्शन

**राजविराज**/जनमत पार्टी सप्तरीले रोपाईका लागि मलखादको व्यवस्था नभएको भन्दै तथा १२ बुँदे मागसहित राजविराजमा प्रदर्शन गरेका छन्।

रोपाईको समय वित्न लाग्दा पनि मलखादको व्यवस्था नभएको तथा किसानको समस्या समाधान नगरेको भन्दै उनीहरुले कृषि तथा पशुपंक्षी विकास मन्त्री मृगेन्द्र कुमार सिंह यादव बिरुद्ध प्रदर्शन समेत गरेका छन्।

उनीहरुले कृषि मन्त्री राजीनामा दे, मलखादको व्यवस्था गर, जिल्लालाई सुख्खा क्षेत्र घोषणा गर, किसानको समस्या समाधान गर लगायतका नाराबाजी गर्दै जुलुस बजार क्षेत्रको परिक्रमा गरेका थिए।



प्रर्दशन पश्चात जनमत पार्टी आवद्ध किसानहरु जिल्ला प्रशासन कार्यालय पुगी प्रमुख जिल्ला अधिकारी जर्नादन गौतममार्फत प्रधानमन्त्रीलाई किसानसँग सम्बन्धित विभिन्न १२ बुँदे मागसहितको ज्ञापन पत्र समेत बुझाएका छन्।

यस्तै वेमौसमी हावाहुरी र वर्षाले बालीनालीमा भएको हानी नोक्सानीको क्षतीपुर्ती, किसान कार्डको व्यवस्था, किसानको समस्या समाधान गर्न उच्चस्तरीय समितीको गठन र किसान आन्दोलनका क्रममा झुठा मृद्दा लगाई पक्राउ परेकाहरुको मुद्दा खारेजी लगायतका माग पनि अघि सार्दै उक्त माग अविलम्ब सम्बोधन नगरिए थप सशक्त आन्दोलन गर्ने चेतावनी समेत ज्ञापनपत्र मार्फत दिइएको छ।

जनमत पार्टीका जिल्ला इन्चार्ज ममता झा, केन्द्रीय सदस्य सुरेन्द्र शर्मा मधेशी, पुर्व जिल्ला संयोजक चन्देश्वर मण्डल किसान, युवा नेता रघुनन्दन यादव लगायतको अगुवाईमा बुझाइएको ज्ञापनपत्रमा समयमै मलखाद र विउ विजनको व्यवस्था, सिंचाईको व्यवस्था, सिंचाइ प्रयोजनका लागी विजुली निशुल्क, कृषि उपजको सर्मथन मुल्य निर्धारण, किसानलाई पेन्शनको व्यवस्था गर्नू पर्ने उल्लेख गरिएको छ।

---

***महिला ...***

अहेब पदमा कार्यरत थिइन्।

हुलाकी सडक खण्ड अन्तरगत जिल्लाको राजगढ गाउँपालिका ५ मलेखपुर खण्डमा गत शनिबार राती भएको स्कुटी दुर्घटनामा उनको मृत्यु भएको हो।

उनी सवार मधेश प्रदेश ०१-००४प३३४७ नम्बरको स्कुटी अनियन्त्रित भई दुर्घटना भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार दुर्घटनामा गम्भिर घाइते भएकी साहको गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार हुन नसकि धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको थियो। चिकित्सकले इसिजि गर्दा उनलाई मृत घोषित गरेको थियो।

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

## अन्तर्राष्ट्रिय समाचार

# सलमान खानद्वारा आत्मरक्षाका लागि हतियार माग

**मुम्बई**/आफ्नो हत्याको धम्कीपत्र पाएका अभिनेता सलमान खानले आत्मरक्षाका लागि हतियार राख्न पाउनुपर्ने तर्क गर्दै हतियारको इजाजत दिन प्रशासनसमक्ष आवेदन गरेका छन्।

गत महिना ग्याङ्स्टर लरेन्स बिश्नोईको गिरोहबाट आएको धम्की पत्रलाई ध्यानमा राख्दै आत्म-सुरक्षाको लागि हतियार लाइसेन्सका लागि उनले आवेदन गरेका मुम्बई पुलिसले जनाएको छ। अभिनेता खानले मुम्बईका प्रहरी प्रमुख विवेक फान्सालकरलाई भेटेर आफू र आफ्ना बुबालाई आएको मार्ने धम्कीपत्रबारे छलफल गरेका हुन्। भेटकै क्रममा उनले आत्मसुरक्षाको लागि हतियार लाइसेन्सको लागि आवेदन दिएका हुन्।

गत मे २९ मा पन्जाबको मानसा जिल्लामा पञ्जाबी गायक सिद्धु मूस वालाको गोली हानी हत्या भएपछि ५ जुनमा सलमान खान र उनका बुबा सलिम खानलाई मार्ने धम्की आएको थियो। सलिम खानको सुरक्षा टोलीले उक्त चिठी मुम्बईको बान्द्रा ब्यान्डस्टचान्ड प्रोमेनेड नजिकै भेटेको थियो जहाँबाट उनी नियमित बिहानको दौडमा निस्कने गर्छन्।

अभिनेताले हिन्दीमा प्राप्त गरेको चिठीमा सलिम खान र उनका छोरा दुवैले मारिएका गायक सिद्धु मूसवालाको जस्तै नियति भोग्ने चेतावनी दिइएको प्रहरीले बताएको छ। महाराष्ट्र गृहमन्त्रालयबाट प्राप्त जानकारीअनुसार बिश्नोई गिरोहले अभिनेता खान र उनका बुबालाई धम्की दिनुको कारण आफ्नो शक्ति देखाउनु हो भनेको छ।

उक्त गिरोहले ठूला व्यवसायी र कलाकारसँग रकम असुल्ने तयारी गरिरहेको बताइएको छ। धम्कीपत्र भेटिएपछि मन्त्रालयले खानको सुरक्षा निगरानी बढाएको छ। मुम्बई प्रहरीको अपराध शखाले धम्कीपत्रको छानबिन गरिरहेको छ। छानबिन गर्न गत महिना पुना गएको प्रहरी टोलीले लरेन्स बिश्नोई गिरोहका सदस्य सिद्धेश हिरामन काम्बले अर्थात् महाकालसँग सोधपुछ गरेको थियो। एजेन्सी

# तालिबान क्रुरताको पराकाष्ठाःगोली हानी युवकको हत्या, सार्वजनिकरूपमा शव प्रदर्शन

**काबुल**/तालिबानले बागलानको अन्दारब जिल्लामा एक युवकलाई गोली हानी हत्या गरे र त्यसपछि सार्वजनिकरूपमा जिल्लाको बजारमा उनको शव प्रदर्शन गरेका छन्।

तालिबानले कासा तरास क्षेत्रको अन्दारबका एकजना बासिन्दालाई गत बुधबार घरबाहिर निस्कन बाध्य पारेको र त्यसपछि उनको हत्या गरेर शव सार्वजनिक प्रदर्शनमा राखेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

तालिवानको स्वेच्छाचारी हत्या बढीरहेको तथा बितेका दश महिनामा कैयौँ पूर्वसुरक्षा बल र कर्मचारीलाई मारिएका छन्।

अफगानिस्तानमा तालिबानले सत्ता सम्हालेको दश महिनामा मानवअधिकारको अवस्थामा सुधार हुनसकेको छैन। डर, दण्डहीनता, शक्तिको स्वेच्छाचारी बल प्रयोगको वातावरणको अन्त्य, उजुरी दर्ता गर्न र शक्ति दुरुपयोगको दस्तावेजीकरण गर्न अति कठिन एवम् जोखिमपूर्ण भएको राष्ट्रसङ्घीय मिसनले बताएको छ। परवान, कपिसा, बाघलान, थिथर, कान्दाहार, सारीपुल, नाङ्गरहार र समङ्गनमा यातना, दुर्व्यवहार, गैरकानूनी हत्या, स्वेच्छाचारी गिरफ्तारी, नजरबन्द र जबरजस्ती विस्थापन भइरहेका बताइएको छ।

अफगानिस्तानको अन्तरराष्ट्रिय दायित्व अनुरूप मानवअधिकार उल्लङ्घनलाई रोक्न र जवाफदेहिता सुनिश्चित गर्न राष्ट्रसङ्घीय सुरक्षा परिषद् र अन्तरराष्ट्रिय फौजदारी अदालतले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको राष्ट्रसङ्घीय मिसनले जनाएको छ। एजेन्सी

# प्रदर्शनविरुद्ध शक्ति प्रयोग नगर्न श्रीलंकाली राष्ट्रपतिसँग आग्रह

**कोलम्बो**/अन्तरराष्ट्रिय मानव्अधिकार समूहले सरकारविरुद्ध प्रदर्शन गरिरहेकामाथि बल प्रयोग नगर्न श्रीलङ्काका राष्ट्रपतिसमक्ष आग्रह गरेका छन्। उनीहरूले सुरक्षा निकायलाई तत्काल प्रयोग बन्दको आदेश दिन पनि आग्रह गरेका छन्।

राष्ट्रपति रनिल विक्रमासिङ्घेले बिहीबार पद तथा गोपनीयताको शपथ लिएको भोलिपल्ट राष्ट्रपति कार्यालय बाहिरको एक शिविरमा छापा मारेर सुरक्षा बलका अधिकारीले प्रदर्शनकारीमाथि लाठी प्रहार गरेकामा आपत्ति जनाउँदै उनीहरूले श्रीलङ्कालीको मौलिक अधिकारको सम्मान गर्न अनुरोध गरेका हुन्।

ह्युमन राइट्स वाचका दक्षिण एसिया निर्देशक मीनाक्षी गाङगुलीले शनिबार एक विज्ञप्ति जारी गर्दै देशको आर्थिक आवश्यकतालाई सम्बोधनका निम्ति तत्काल आवश्यक उपाय अपनाउन आह्वान गरेकी छन्। उनले श्रीलङ्काका अन्तरराष्ट्रिय साझेदारले आफ्ना जनताको अधिकार कुल्चिने प्रशासनलाई समर्थन गर्न नसक्ने बताएकी छन्।

ह्युमन राइट्स वाच र एम्नेस्टी इन्टरनेशनलले दुईजना पत्रकार र दुई वकिलसहित ११ जना पक्राउ परेको घटनाको निन्दा गर्दै सत्तामा आएको केही घण्टाभित्रै नयाँ सरकारले हिंस्रक रणनीति अपनाउनु लाजमर्दो भएको बताएका छन्। शान्तिपूर्ण प्रदर्शन गर्ने अधिकार हनन हुन नहुने, बलको अत्यधिक प्रयोग नगर्न, धम्की र गैरकानूनी गिरफ्तारी अन्त्य गर्न दुवै मानवअधिकारवादी संस्थाले आह्वान गरेका छन्।

चरम आर्थिक सङ्कटले पिरोलिएका श्रीलङ्काका जनता औषधि, इन्धन र खाद्यान्नलगायत अत्यावश्यक वस्तुको अभावमा सङ्घर्ष गरिरहेको छन् भने देशलाई पुरानो अवस्थामा फर्काउन राजनीतिक नेतृत्वले आफ्नो ध्यान केन्द्रित गर्नुपर्नेमा जोड दिँदै दबा सृजना गर्न प्रदर्शनकारी सडकमा ओर्लिएका छन्।

यसैबीच, प्रदर्शनकारीमाथि भएको दमनको देशका विपक्षी दल, संयुक्त राष्ट्रसङ्घ र अमेरिकाले निन्दा गरेका छन्। राष्ट्रपति कार्यालयबाहिर कडा सुरक्षा व्यवस्था भए पनि प्रदर्शनकारीले विक्रमासिङ्घेले राजीनामा नदिएसम्म आन्दोलन जारी राख्ने अडान छाडेका छैनन्। एजेन्सी

# बैकल्पिक सिंचाई व्यवस्थाबाट सप्तरीमा ७५ प्रतिशत धान रोपाई



**राजविराज**/बैकल्पिक सिचाईको व्यवस्था मिलाएर सप्तरीका किसानहरुले धान रोपाँइ गरिरहेका छन ।

आकाशे पानीको प्रतिक्षामा रहेका किसानहरुले जसोतसो गरेर रोपाई कार्यलाई निरन्तरता दिइरहेका छन् ।

लामो समयदेखि वर्षा न भएपनि किसानहरुले जसोतसो सिंचाइ गरेर ७५ प्रतिशत जग्गामा धान रोपाँइ सम्पन्न गरेका छन् ।

कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख राजेन्द्र प्रसाद यादवले पर्याप्त पानी नपर्दा अहिलेसम्म शतप्रतिशत रोपाँइ हुन नसेको जनाउँदै मल खाद पनि समयमा उपलब्ध हुन नसक्दा शत प्रतिशत रोपाँइ हुन नसकेको बताएका छन् ।

किसानका लागी साल्ट ट्रेडिङ्ग करपोरेशन लि. र कृषि समाग्री कम्पनीका साथै २ सय ५० सहकारी संस्थामार्फत मल वितरणको व्यवस्था मिलाइको उनले जानकारी दिए । उनका अनुसार हाल साल्ट ट्रेडिङ्ग करपोरेशन लि.को गोदामा डिएपी ५ सय ५० मेट्रिक टन र युरिया मल १ सय २५ मेट्रिक टन मौज्दात रहेको छ ।

यस्तै कृषि समाग्री कम्पनीमा १ सय १२ मेट्रिक टन डिएपी र १ सय ७५ मेट्रिक टन पोटास मौज्दात छन् । जिल्लामा २३ हजार मेट्रिक टन युरिया मल, १२ हजार मेट्रिक टन डिएपी, ९ हजार २४ मेट्रिक टन पोटास र सुक्ष्मतत्व (जिंक) २ हजार १ सय ८० मेट्रिक टन आवश्यक परेपनि हाल सम्म ती सबै गरी करिब १६ सय मेट्रिक टन मात्र मल खाद उपलब्ध हुन सकेको र थप आउने क्रममै रहेको बालि संरक्षण अधिकृत दिनेश प्रसाद यादवले जानकारी दिए ।

सप्तरीमा कुल ८१ हजार ६ सय ६८ हेक्टर खेतीयोग्य जग्गा रहेकोमा ७२ हजार हेक्टर कुल क्षेत्रफल जग्गामा वर्षे धान र ३ सय हेक्टर क्षेत्रफलमा चैते धान लगाइदै आइएको छ ।

# कृषकलाई कृषियन्त्र उपकरण र स्यालो ट्युवेल बितरण



**राजविराज**/कृषि ज्ञान केन्द्र सप्तरीले कृषि क्षेत्रमा वैकल्पिक सिंचाईको व्यवस्था, श्रमिक समस्या समाधान, लागत घटाई उत्पादन बृद्धि र किसानहरुलाई प्रविधी मैत्री बनाउने उद्देश्यले कृषियन्त्र उपकरण तथा साना सिंचाई स्यालो बोरिङ्ग लगायतका सामग्री अनुदानमा वितरण गरेको छ ।

केन्द्रले पावर टिलर, धान र गहुँ काट्ने रिपर मेशिन, स्यालो ट्युवेल र कमरसियल मोटर लगायतका कृषियन्त्र र उपकरण किसानलाई अनुदानमा वितरण गरेको हो ।

वितरण गरिएका समानहरुमा १८ एचपिको पावर टिलर ४०, ९ एचपीको पावर टिलर ११, स्यालो ट्युवेल १ सय ७०, समरसियल मोटर ३२, धान गहुँ काट्ने रिपर मेसिन ६ र पावर टिलरमा प्रयोग हुने रिपर ३ थान छन ।

आ.ब. २०७८/०७९ को स्वीकृत कार्यक्रम अर्न्तगत कृषियन्त्र, उपकरण तथा साना सिंचाइ स्यालो बोरिङ्ग समाग्री वितरण कार्यक्रमको शुभारम्भ गरिएको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख राजेन्द्र प्रसाद यादवले जानकारी दिएका छन् ।

जिल्लामा वैकल्पिक सिचाईको व्यवस्थासहित किसानलाई यान्त्रिक र आधुनिकिकरण गर्ने उद्देश्यका ती उपकरणहरु बितरण गरिएको प्रमुख यादवको भनाई छ ।

सबै स्थानीयतहका कृषकलाई निवेदनका लागी आह्वान गरी छनौटमा परेका कृषकहरुलाई ५० प्रतिशत अनुदानमा उक्त कृषि यन्त्र र उपकरण उपलब्ध गराएको प्रमुख यादवले बताए ।

कार्यक्रमका प्रमुख अतिथी प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले यूवा विदेशीने गरेको र खेतमा काम गर्ने मान्छेको अभावमा कृषकले समस्या भोगिरहेका बेला यस्तो सहयोगले धेरै राहत प्रदान गर्ने बताए ।

# मालपोत कार्यालयको पर्खालमा मिथिला चित्रकला प्रदर्शन



**राजविराज**/राजविराजस्थित भुमिसुधार तथा मालपोत कार्यालयको पर्खालमा मिथिला चित्रकलाले सिंगारिएको छ ।

९० मिटर लामो पर्खालका भित्तामा भगवान राम र सीताका चित्र बनाएर आकर्षकरुपमा सजाइएको छ । देवी देवताका कलात्मक र सन्देशमुलक मिथिला चित्रकला अहिले सबैको आकर्षणको केन्द्र समेत बनेको छ ।

मिथिला थिंग्स जनकपुरकी पुनम कर्ण, रश्मी कर्ण, पुनम दत्त, सुखी कर्ण, अंजली साह लगायतको टोलीले विगत १५ दिन लगाएर चित्रलाई अन्तिम रुप दिएका छन् । मधेश प्रदेशमा अहिले विभिन्न कार्यालय, विद्यालय र स्थानीय तहमा मिथिला संस्कृति झल्किने मिथिला चित्रकलाको माँग बढ्दै गएकाले आफूलाई उत्साहित बनाएको मिथिला चित्रकलाकर्मी अंजली बताउछिन् ।

धार्मिक परम्परा र संस्कृतिलाई जोगाउनुका साथै सरसफाईलाई दृष्टिगत गरी कार्यालय परिसर क्षेत्रलाई मिथिला कलामार्फत देवी देवताको चित्रले सजाइएको हो ।

सीताको जन्म, विवाह र विदाईका दृश्यका साथै भगवान शिव र राधाकृष्ण लगायतका देवी देवताका आर्कषक मिथिला चित्र बनाइएको छ । सो कोरिएको कला हेर्न अहिले भीड लाग्ने गरेको छ ।

कार्यालय प्रमुख दिपेन्द्र कुमार झाले जानकारी यस कार्यका लागि शम्भुनाथ नगरपालिकाले सहयोग जुटाई दिएको बताए ।

उनले कार्यालयको बाहिरी सजावटसँगै आन्तरिक सुधार र सेवा सुविधा चूस्तदूरुस्त बनाउन पनि आवश्यक काम थालिएको बताए । प्रत्येक फाँटमा सिसी क्यामरा जडान गरी निगरानी थालिएको तथा विचौलिया प्रवेशमा कडाई गरिएको उनको दाबी छ ।

उनले सेवाग्राहीको चाप हेरेर राजविराज नगरपालिका र खडक नगरपालिकाको सहयोग जुटाई विश्राम कक्ष र उनीहरुलाई वस्नका लागी आवश्यक आवश्यक टेवुल कुर्सीको व्यवस्था पनि मिलाइएको जानकारी दिए ।

# ठूलो मात्रामा लागुऔषधसहित एक युवक पक्राउ

**पर्सा**/वीरगञ्जबाट प्रहरीले ठूलो मात्रामा लागुऔषधसहित एक युवक र कार नियन्त्रणमा लिएको छ ।

वीरगञ्ज महानगर १६ रजतजयन्ती चोकस्थित सडकबाट वडा नं. १० का ३१ वर्षीय अनिल कुमारलाई प्रहरीले शुक्रबार साँझ नियन्त्रणमा लिएको हो ।

विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले बीआर.वाई८२०१ नम्बरको कारसहित अनिललाई नियन्त्रणमा लिएको हो ।

चेकजाँचका क्रममा उक्त कारको सिटमुनि फल्स बटम बनाई कागजले बेरी राखेको अवस्थामा लागुऔषध भेटिएको प्रहरीले जनाएको छ ।

प्रहरीले कारबाट फेनारगन ८ सय ८६ एम्पुल, डाइजेपाम १ हजार १ सय ५५ एम्पुल र नुरफिन ९ सय ७८ एम्पुल गरी जम्मा ३ हजार १९ एम्पुल तथा नाईट्राभेट १ हजार ७ सय ८५ ट्याब्लेट बरामद गरेको जनाएको छ ।

पक्राउ परेका अनिललाई लागुऔषध कसुरमा थप अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ ।

विज्ञापन आचारसंहिताको पालना गरौं ।

- विज्ञापन क्षेत्रलाई स्वच्छ, पारदर्शी, मर्यादित र प्रतिष्पर्धी बनाउन विज्ञापन आचारसंहिता जारी भएको छ ।
- विज्ञापन आचारसंहिता विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमलाई लागु हुन्छ ।
- विज्ञापन आचारसंहिता पालना गरौं र गराऔं ।

विज्ञापन व्यवसायलाई स्वच्छ र मर्यादित बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*